निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

रुपन्देही

मिति २०७८/०४/३० गते

## प्रेस विज्ञप्ति

## निर्वाचनमा अपाङ्गता अधिकार सम्बन्धी ब्रिज कार्यशाला सम्पन्न

निर्वाचनमा अपाङ्गता अधिकार सम्वन्धी दुई दिवसीय कार्यशाला लुम्बिनी प्रदेशको बुटवलमा मिति २०७८ श्रावण ३० गते सम्पन्न भएको छ ।

कार्यशालामा माननीय निर्वाचन आयुक्त डा.जानकी कुमारी तुलाधरज्यूले निर्वाचन, लोकतन्त्र र सुशासनका लागि अन्तर्राष्ट्रियस्तरको पाठ्यक्रममा आधारित यस कार्यशालाले सरोकारवालाहरुको सक्षमता अभिवृद्धि भई निर्वाचन व्यवस्थापनमा सुधारका लागि सहयोग पुग्ने बताउनु भयो । ब्रिजका धेरै मोड्यूलहरु मध्येको अपाङ्गता अधिकार सम्वन्धी कार्यशालाबाट लैङ्गिक तथा समावेशीता र समानुपातिक निर्वाचन प्रणालीको सान्दर्भिकतामा समेत उजागर हुने विश्वास व्यक्त गर्नु भयो । निर्वाचन शिक्षा, नागरिक सचेतना र क्षमता अभिवृद्धि नियमित एवम् निरन्तर प्रक्रिया भएको तथा निर्वाचन संस्कृतिमा सुधार गर्दै दिगो बनाउन सरोकारवालाहरुले पनि सो अनुसारको भूमिका निर्वाह गर्न आवश्यक रहेको वताउनु भयो ।

कार्यशालामा अपाङ्गताको परिभाषा र प्रकार, अपाङ्गता सम्वन्धी शब्दावलीहरु, अपाङ्गता भएका व्यक्तिहरुको राजनीतिक, सामाजिक अधिकार र विद्यमान अवस्थाको विश्लेषण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त मतदाता शिक्षा, निर्वाचन प्रक्रियामा हुने अवरोध र सो को समाधान, आयोगले अपाङ्गता भएका व्यक्तिको लागि गरेका प्रयास र प्राप्त उपलब्धी लगायतका विषयहरुमा कोमल प्रसाद धमला, सूर्य प्रसाद अर्याल, राधिका रेग्मी, ममता मल्ल श्रेष्ठ र राजबहादुर सापकोटाले सहजीकरण गर्नु भएको थियो ।

उक्त कार्यशालामा रुपन्देही जिल्लास्थित प्रमुख राजनीतिक दलका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु, बुटवल उपमहानगरपालिकाका उपप्रमुख, जनप्रतिनिधि र कर्मचारी, अन्तरपार्टी महिला सञ्जाल, गैर सरकारी महासंघ, नेपाल पत्रकार महासंघ, रुपन्देहीका प्रतिनिधिहरु, अपाङ्गता सम्वन्धी क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधि र अपाङ्गता भएका व्यक्तिहरु, आयोग सचिवालयका कर्मचारी, जिल्ला निर्वाचन कार्यालय, रुपन्देहीका जिल्ला निर्वाचन अधिकारी श्री अयोध्या प्रसाद भण्डारी र कर्मचारीहरु तथा विकास साझेदार संस्था USAID र IFES, Nepal का प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

जिल्ला निर्वाचन अधिकारी



सिद्धार्थनगर नगरपालिका - ८, भैरहवा, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल । फोन नं. ०७१-५७३७१२

ईमेलः deo.rupandehi@election.gov.np, ec.deo.rupandehi@gmail.com facebook.com/deo.rupandehi